# गैडाकोट नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

गैडाकोट,नवलपरासी (व.स.पू) गण्डकी प्रदेश,नेपाल

## विज्ञापन करको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी ७ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/०९/.१८...

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम यस कार्यालयको आ.व.०७८/०७९ का लागि विज्ञापन कर उठाउने कार्य ठेक्का द्वारा सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक संघ संस्था वा फर्मबाट तपसिलको शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउ पेश गर्नुहुन सम्वन्धित सबैका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

## ठेक्का सम्बन्धि शर्तहरु

१) सिलबन्दि दरभाउपत्रको फाराम यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ दिनसम्म कार्यालय समय भित्र कार्यालयको राजस्व शाखावाट रु १०००। (फिर्ता नहुनेगरि) तिरि खरिद गर्न सकिनेछ । यसका लागि **नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,आन्तरिक राजस्व कार्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्र, फर्म/ संस्था दर्ताको प्रमाणपत्रको** प्रतिलिपि संलग्न गरि निवेदन दिनुपर्नेछ ।

२)ठेक्का अंक रु. ५००,०००.०० मू.अ.कर बाहेक ( अक्षेरुपि: पांच लाख मात्र) लाईठेक्काको न्युनतम अंक कायम गरिएको छ।

३)कबोल अंक अनुसारको रकम सम्झौताका बखत एकमुष्ठ रुपमा बुझाएमा १०% छुट दिन सकिनेछ ।

४)कबोल अंक अनुसारको रकम किस्ताको रुपमा बुझाउन चाहेमा सम्झौताका बखत ५०% ले हुन आउने रकम र बाँकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको २०७९ श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ ।

५)दरभाउ पत्र फारम सूचना प्रकाशन भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ । ८ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गरि सक्नुपर्नेछ। पर्न आएका दरभाउ पत्र सोहि दिन दिनको २:०० बजे खोलिनेछ ।

| क्र.सं | होर्डिङ वोर्ड सहितको विज्ञापन सामाग्रिको वार्षिक दस्तुर (रु प्रति स्क्वायर फिटमा ) | विज्ञापन करको दररु |
|---|---|---|
| १ | १२ स्क्वायर फिट सम्म | ८००।- |
| २ | सो भन्दा माथि २०स्क्वायर फिट सम्म | १२००।- |
| ३ | सो भन्दा माथि थप प्रति स्क्वायर फिट | ४०।- |
| ४ | भित्ते लेखन प्रति स्क्वायर फिट | २०।- |
| ५ | फ्लेक्स वोर्ड व्यापार व्यवसाय १२ स्क्वायर फिट सम्म पसल वाहिरका | ८००।- |
| ६ | फ्लेक्स वोर्ड व्यापार व्यवसाय १२ स्क्वायर फिट भन्दा माथि पसल वाहिरका | १२००।- |
| ७ | पोल व्यानर सानो एक हप्ता सम्मको (एक हप्ता पछि व्यानार निकाल्नु पर्ने छ ।) | ३००।- |
| ८ | लामो व्यानर रोडक्रस गरिएको एक हप्ता सम्मको (एक हप्ता पछि व्यानार निकाल्नु पर्नेछ ।) | ५००।- |
| ९ | सार्वजनिक स्थानमा राखिएको प्रचारप्रसार सामाग्रिमा लाग्ने रकममा २० प्रतिशत रकम थप गरि रकम असुलि गर्न पाइने छ । | |
| १० | निजि सम्पति भवन , टहरा, जग्गामा समेत विज्ञापन गरे वापत न.पा.ले कर लिन पाउने छ । | |
| ११ | एल.ई.डि भिडियो डिस्प्ले वोर्ड प्रति स्क्वायर फिट वार्षिक | ८००।- |
| १२ | आफ्नो व्यवसाय परिचयको लागि १५ स्क्वायर फिट सम्म १ थान बोर्ड व्यवसायीले आफ्ना पसल वा व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडिको भागमा राख्न पाउनेछन् र १ भन्दा धैरे बोर्ड राख्नुपरेमा माथिको दररेटमा सम्वन्धित व्यवसायीले विज्ञापन कर वापत बुझाउनुपर्नेछ । | |

६)सिलबन्दी दरभाउ पत्रसाथ आँफुले काबुल गरेको अंकको नेपाली नागरिक भए ५% ले हुने रकम र गैह नेपाली नागरिक भए १०% ले हुने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक गैडाकोट शाखामा रहेको **धरौटी खाता नं ३३५०१००३०३००००२ ग-३** मा जम्मा गरेको सक्कलै भौचर वा ९० दिनको म्याद भएको बैंक ग्यारेण्टि संलग्न गर्नुपर्नेछ ।

७)माथि उल्लेखित न्युनतम अंकमा मु.अ.कर र अन्य करहरु समावेश गरिएको छैन । ठेक्का लिने पक्षले ठेक्का सम्झौताका बखत कबोल अंकको १.५% ले हुने अग्रिम आयकर वापतको रकम र हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर वापतको रकम समेत बुझाउनु पर्नेछ । सम्झौता अंक बापतको रकम एकमुष्ट बुझाएमा,१०% छुट दिईने छ र किस्ताको रुपमा बुझाउन चाहेमा सम्झौताका बखत ५०% ले हुन आउने रकम र बाँकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको आगामी आ.ब. को श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ ।

९)बन्द हड्ताल वा अन्य कुनै पनि कारणले राजस्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षतिपुर्ति दिन बाध्य हुने छैन ।

१०)ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

११)तिनै तहका सरकारद्वारा जारि गरिएका जनचेतनामूलक होर्डिङ्ग बोर्डबाट कर संकलन गर्न पाईने छैन ।

१२)अन्य जानकारिको लागि कार्यालय समय भित्र आर्थिक प्रशासन शाखा तथा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१३)तल उल्लेखित विषयहरु र सोको लागि तोकिएको दर बमोजिम विज्ञापन कर उठाउन सकिने छ ।

- यसमा उल्लेखित नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।
- आ.व २०७८/०७९ का लागि विज्ञापन करका क्षेत्र र दरहरु तल उल्लेख भए बमोजिम हुनेछ । कर संकलन गर्दा अनिवार्य रुपमा यस कार्यालयबाट प्रमाणित गराईएको नगदी रसिदको प्रयोग गर्नुपर्नेछ ।
- सूर्तिजन्य र मदिराजन्य वस्तुको विज्ञापन प्रतिवर्ग फिट रु १००।–